# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**केराबारी, मोरङ**

**प्रदेश नं. १, नेपाल**

**प.सं.०७७/०७८**
**च.नं.** २८६६

मिति : २०७८/०१/१९

विषय : विद्यालयमा ईन्टरनेट सेवा विस्तारको लागि निवेदन दिने सूचना।

श्री सामुदायिक आधारभूत विद्यालयहरु सबै,
केराबारी गाउँपालिका, मोरङ ।

प्रस्तुत विषयमा आधारभूत विद्यालयमा रु.१२ हजार रकमबाट ईन्टरनेट सेवा विस्तार गर्ने सम्भाव्यता भएका विद्यालयहरुले तपसिलको कागजातहरु सहित यहि वैशाख मसान्तभित्र गाउँपालिका शिक्षा शाखामा आइपुग्ने गरी निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. विद्यालयमाईन्टरनेट जडान गर्ने व्यवस्थापन समितिको निर्णय ।
२. उल्लेखित रकमबाट विद्यालयमा ईन्टरनेट जडान गर्न सक्ने आधार र सो रकम अपर्याप्त भए अपुग रकम जुटाउन सक्ने स्रोत र प्रतिवद्धता सहितको विद्यालयको पत्र ।
३. ईन्टरनेट जडान पश्चात विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने प्रतिवद्धता ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(**नोट** : यो रकमबाट पहिले नै विद्यालयमा ईन्टरनेट जडान भइसकेको भए जडित ईन्टरनेटको शुल्क भुक्तानी गर्न समेत सकिनेछ तर यसको लागि विद्यालयमा ईन्टरनेट हाल चालु अवस्थामा रहेको व्यहोरा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आउनुपर्नेछ ।)

अर्जुन घिमिरे
अधिकृतस्तर सातौं